**नेपाल सरकार**

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

# राष्ट्रिय बाल अधिकार परिषद्

**श्रीमहल, पुल्चोक, ललितपुर**

नेपालको दोस्रो जनआन्दोलनको राजनीतिक परिवर्तनपछि राष्ट्रिय बाल दिवस मनाउने मिति परिवर्तन भई बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई वि.सं. २०४७ साल भदौ २९ गते (तदनुसार १४ सेप्टेम्बर १९९०)का दिन नेपाल सरकारले अनुमोदन गरेको दिनको सन्दर्भ पारेर नेपाल सरकारको निर्णयानुसार हरेक वर्ष भाद्र २९ गते बालबालिकाको राष्ट्रिय पर्वको रूपमा राष्ट्रिय बाल दिवस मनाइँदै आइएको कुरा यहाँहरूमा सर्वविदितै छ ।

यसै सन्दर्भमा यस वर्षको राष्ट्रिय बाल दिवसको उपलक्ष्यमा **संघीय नेपालमा बाल अधिकार** विषयमा २ मिनेटको भिडियो निर्माण प्रतियोगिता आयोजना गरिएको छ । उक्त प्रतियोगिताका नियमहरु निम्नानुसार रहेका छन्ः—

- निर्माण गरिएको भिडियो २०७८ भाद्र २० गतेसम्म पठाइसक्नु पर्नेछ ।
- २० वर्ष भन्दा कम उमेरका बालबालिका/किशोरकिशोरी सहभागी हुन पाउनेछन् ।
- भिडियो न्यूनतम ९० सेकेण्ड तथा अधिकतम २ मिनेट समय भित्रको हुनुपर्दछ ।
- भिडियो नेपाली भाषामा हुनुपर्दछ ।
- शब्द चयन गर्दा मर्यादित, कसैलाई व्यक्तिगत आक्षेप र लाञ्छना नलाग्ने किसिमको हुनुपर्दछ ।
- भिडियोमा कुनै निश्चित राजनीतिक दल, दलको नेता, धार्मिक समुदाय वा सो समुदायका अगुवा वा निश्चित व्यक्तिको पक्षपोषण गर्ने हुनुहुँदैन ।
- भिडियो सामग्री पेश गर्दा सहभागीले आफ्नो उमेर खुल्ने प्रमाण पेश गर्नुपर्नेछ ।
- भिडियो कुनै स्रोतबाट नक्कल नगरिएको, मौलिक र सन्देशमूलक हुनुपर्दछ । सहभागी आफैले आफ्नो सोचमा तयार गरिएको हुनुपर्नेछ ।
- भिडियोले संघीय नेपालमा बाल अधिकार संरक्षण र संवर्धन कसरी हुन सक्छ भन्ने प्रश्नको सकारात्मक र प्रवर्दनात्मक सन्देश दिने हुनुपर्नेछ ।
- भिडियोमा एनिमेसन, टिकटक वा शब्दहरू, तस्वीरहरू र व्यक्तिहरूले अभिनय गर्न सक्नेछन् । यसरी तस्वीर वा अभिनय गर्दा सम्बन्धित व्यक्तिको सहमति अनिवार्य हुनुपर्नेछ ।
- भिडियो पठाउँदा तोकिएको मिति भित्र इमेल ठेगाना **childrenday2078@gmail.com** मा पठाउनु पर्नेछ ।

*नोटः सहभागीहरू मध्ये प्रथम, दितीय र तृतीय हुने प्रतियोगीको नाम, पुरस्कार र सम्मानको घोषणा मूल समारोहको कार्यक्रम २९ भाद्रमा गरिनेछ ।*